# बैठक संख्या ३८४

आज मिति २०८१ साल कार्तिक ९ गते शुक्रबारका दिन यस तेमाल गाउँपालिकाका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र बहादुर तामाङ | अध्यक्ष | |
| २ | दलमान थोकर | उपाध्यक्ष | |
| ३ | इन्द्र बहादुर अधिकारी | सदस्य, वडा अध्यक्ष वडा नं. १ | |
| ४ | देव राज तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. २ | |
| ५ | विष्णु बहादुर तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | पेम्बा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | हजार सिं लामा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | प्रेम बहादुर तामामङ | सदस्य, वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | इन्द्र लाल तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ७ | |
| १० | तेमाल सिं तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | चन्द्र बहादुर लामा | सदस्य, वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | छ्योइसाङ तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सुसिला माझी | कार्यपालिका सदस्य | |
| १४ | मोहन माया सुनार | कार्यपालिका सदस्य | |
| १५ | अन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | केशव रसाइली | कार्यपालिका सदस्य | |
| १७ | चन्डिका भुजेल | कार्यपालिका सदस्य | |
| १८ | पवन कुमार प्याकुरेल | प्रमुख प्रशासकीय अधिकृत | |

आमान्त्रित

१. उज्वल लामा प्रशासन शाखा

२. उम्बर बटाला इन्जिनीयर

३.

**प्रस्तावहरु**

१. गत कार्यपालिकाको बैठकको नियमित समिक्षा सम्बन्धमा ।
२. बाढी पहिरोबाट क्षतिग्रस्त भएका पीडित परिवारहरुको विवरण अनुमोदन गर्ने सम्बन्धमा ।
३. पीडित परिवारहरुलाई राहत विवरण गर्ने सम्बन्धमा ।
४. योजनाको ठेक्का निकाल्ने सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

**निर्णय नम्बर १:** प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँकार्यपालिकाको अघिल्लो कार्यपालिकामा भएका निर्णयहरुको कार्यन्वयनको सन्दर्भमा भएका समस्याहरुको पहिचान गर्दै सो सम्बन्धमा भएका प्रगतिहरुको बारेमा कार्यपालिकाका सदस्यहरुमाझ पुन छलफल गरी समिक्षा गरियो ।

**निर्णय नम्बर २:** प्रस्ताव नं. २ माथी छलफल गर्दा गर्दा मिति २०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षाबाट तेमाल गाउँपालिकाका ९ वटै वडाको मानवीय, भौतिक, आर्थिक, सामाजिक क्षतिको विवरण सम्बन्धित शाखा र वडा कार्यसमितिबाट संकलन गरी पठाइएको विवरण संशोधन गरी अर्को कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ३:** प्रस्ताव नं. ३ माथी छलफल गर्दा बाढी पहिरोबाट क्षतिग्रस्त भएका पीडित परिवारहरुको विवरणको आधारमा तपशिलबमोजिम राहत सामाग्री वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क.सं. | क्षतिको किसिम | चामल (बोरा) | दल (के.जी) | तेल (लि.) | नुन (पकेट) |
|---|---|---|---|---|---|
| १ | पूर्ण क्षति | १ | १ | १ | १ |

**निर्णय नम्बर ४:** प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिकाले सङ्घीय सरकारबाट प्राप्त समपूरक अनुदानका योजना बोहोरोदोभना-आधाबाट-डाँडागाउँ-रोसाइवा सडक स्तरोन्नती रु २६५०००००/- (अक्षरुपी दुई करोड पैसाठी लाख) को लागत अनुमान स्वीकृत गरी ठेक्का प्रक्रिया आगाडी बढाउने निर्णय गरियो ।

**विविध (क)** माथी छलफल गर्दा गर्दा मिति २०८१ साल आश्विन ११ र १२ गतेको अविरल वर्षाका कारण तेमाल गाउँपालिका वडा नं. ६ (साबिक वडा नं. ८ ) स्थायी बासिन्दा वर्ष ५७ को श्री दुधराज तामाङको पहिरोमा परि मृत्यु भएको हुँदा रु २५०००/- (अक्षरुपी पच्चीस हजार) मात्र काजक्रिया खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**विविध (ख)** माथी छलफल गर्दा गर्दा मिति २०८१ साल आश्विन ११ र १२ गतेको अविरल वर्षाका कारण तेमाल गाउँपालिका वडा नं. १ स्थित रहेको जनचेतना मा.विको ८ कोठे भवन पुर्ण क्षति भएको हुँदा उक्त निर्माणका लागि श्री सामाजिक विकास मन्त्रालय, हेटैडामा सिफारिस गर्ने निर्णय गरियो ।

**विविध (ग)** माथी छलफल गर्दा तेमाल गाउँपालिका वडा नं. ५ स्थित मसान घाटको नाममा मालपोत कार्यालयमा धुलिखेलमा श्रेष्ता दर्ता रहेको साविक पोखरी नारायणस्थान गाविस वडा नं. ३ कि.नं ४६३ क्षेत्रफल १४-१५-०-३ रोपनी जग्गा मध्ये जम्मा ६ रोपनी जग्गामा प्रहरी चौकी ( निकटतम भविष्यमा ईलाका प्रहरी कार्यालय) को प्रशासनिक भवन लगायतका भौतिक पूर्वाधार निर्माण गर्न जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया आगाडी बढाउने निर्णय गरियो ।

**विविध (ङ)** माथी छलफल गर्दा मिति २०८१ साल आश्विन ११ र १२ गतेको अविरल वर्षाका कारण क्षति भएको खानेपानीका लागि खानेपानी सँग सम्बन्धित संघ संस्थाहरुलाई सहयोगका लागि आव्हान गर्ने निर्णय गरियो ।